# प्रतिस्पर्धा ऐन कार्यान्वयन आवश्यक

**नागरिक संवाददाता**

*काठमाडौं, पुस २४*

वाणिज्य विभागका महानिर्देशक नारायणप्रसाद विडारीले बजारमा देखिएको गैर-प्रतिस्पर्धात्मक गतिविधि नियन्त्रण गर्न प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताएका छन् ।

विभाग, अमेरिकी विकास नियोग (यूएसएआइडी) तथा साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स तथा इन्भायरोमेन्ट (सावती) द्वारा प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन तथा नियमसम्बन्धी तालिमको उद्‌घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले ऐन प्रभावकारी नहुँदा बजारमा समस्या देखिएको स्विकार गरे । वाणिज्य सचिव लालमणी जोशीले अनुगमन निकाय कमजोर हुँदा बजारमा विकृति देखिएको बताए ।'नियमक निकाय कमजोर हुँदा विकृति देखापर्ने र उपभोक्ता ठगिने गरेका छन्,' उनले भने ।

कार्यक्रममा सावतीका अध्यक्ष पोषराज पाण्डेले उदारीकरणपश्चात प्रतिस्पर्धाका कारण बजार अर्थतन्त्रको प्रभावकारिता र उत्पादकत्व वृद्धि भएको बताए। उनले नियमनको अभावमा सरकारी एकाधिकार निजी एकाधिकारमा परिवर्तन हुन सक्ने खतरा रहेको बताउँदै बजारमा हस्तक्षेप नगरी नियमन निकाय बलियो बनाउनुपर्ने बताए ।